TRIBHUVAN UNIVERSITY
त्रिभुवन विश्वविद्यालय
Prithvi Narayan Campus
पृथ्वीनारायण क्याम्पस
(A QAA Certified Institution, Accredited by UGC, Nepal)

प.सं. :
च.नं. :

सामान्य प्रशासन शाखा

मिति : २०७९।०१।०८

## चमेना गृह संचालन गर्ने सम्बन्धी सूचना !

यस क्याम्पस अन्तर्गत रहेको चमेना गृह ठेक्काबाट संचालन गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक रजिष्ट्रर्ड फर्मले पत्रिकामा सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र गोप्य दर्खास्त दिनुहुन आव्हान गरिन्छ । दर्खास्त फारम रु.१०००/- (पछि फिर्ता नहुने) तिरी क्याम्पसबाट उपलब्ध हुनेछ । दर्खास्त फारामसाथ धरौटी वापत रु. १०,०००/- नेपाल बैङ्क लिमिटेड, बगर शाखा, पोखराको च. हि. नं. ०९१००१०११०१३५८००००१ मा जम्मा गरेको सक्कल भौचर, फर्म दर्ता प्रमाणपत्र र अनुभव भए त्यसको प्रमाण पत्रको प्रतिलिपी संलग्न गरि गोप्य खामबन्दी गरि पेश गर्नुपर्नेछ । केरमेट, रितनपुग र म्याद नाघि आएका दर्खास्त उपर कुनै कार्यवाही गरिने छैन । निश्चित म्यादभित्र प्राप्त हुन आएका दर्खास्तहरु अन्तिम मितिको भोलिपल्ट दिनको २.०० बजे दर्खास्तवाला वा निजको प्रतिनिधीको रोहबरमा खोलिने छ । निज वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दर्खास्त खोल्ने कार्यमा कुनै बाधा पुग्ने छैन । दर्खास्त फारम खोलेपछि क्याम्पसले चमेनागृह संचालन गर्न इजाजत प्राप्त फर्मले धरौटी वापत रु.४०,०००/- थप गरि जम्मा रु.५०,०००/- धरौटी राख्नुपर्नेछ । चमेना गृह छनौट गर्दा जुन फर्म योग्य हुनेछ उसैले अनिवार्य रुपमा संचालन गर्नु पर्नेछ । प्राप्त हुन आएका दर्खास्तवाला फर्मलाई चमेना गृह संचालन गर्न दिने नदिने सम्पूर्ण अधिकार क्याम्पसमा नै निहित हुनेछ । अन्य विस्तृत जानकारीको लागि क्याम्पस खुलेको समयमा सम्पर्क राख्न सकिनेछ ।

.......................................
प्रा.डा.सरोज कोईराला
क्याम्पस प्रमुख